# पुतलीवजार नगरपालिका नगरकार्यपालिकाको, कार्यालय

## स्याङ्जा

## दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मिति २०७५।५।१४

स्थानीय सरकार संचालन ऐन २०७४ तथा गण्डकी प्रदेश सरकारबाट जारी भएको ढुङगा गिट्टी वालुवा उत्खनन् संकलन क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी २०७५ बमोजिम यस नगरपालिकाको आ.व. २०७५।७६ को लागी निम्न स्थानहरुमा कर, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ। तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ।

## तपसिल

| क्र.सं. | ठे.नं. | ठेक्काको नाम | आ.व.२०७५।७६ को लागि न्यूनतम अंक रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| | | **ढुँगा, गिट्टि, वालुवा बिक्रि तथा निकासी कर तर्फ.** | | |
| १ | १.१ | सेतिदोभान भन्दा तल भुन्टेरहसम्मको आँधीखोला नाका १, सेतिखोलाको पु.व.न.पा. क्षेत्र समेत | ११,००,०००।- | १०००।- |
| २ | १.२ | भुन्टेरह देखि तल सातुपसल जाने पक्की पुलको ५०० मी माथीसम्म आँधीखोला नाका २ | १०,००,०००।- | १०००।- |
| ३ | १.३ | सातुपसल जाने पक्की पुलको ५०० मी तल देखि हेलु सम्म आँधीखोला नाका ३, दरौंखोलाको पु.व.न.पा. क्षेत्र समेत | १२,००,०००।- | १०००।- |
| ४ | १.४ | रिडदीखोला | २,००,०००।- | ३००।- |
| ५ | १.५ | बाडखोला | १,००,०००।- | ३००।- |
| ६ | १.६ | प्युरीदोभान | १,००,०००।- | ३००।- |

**शर्तहरु :-**

१. दरभाउपत्र पेश गर्दा व्यक्तिले ( १ लाख ५० हजार सम्मको मात्रै ) नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. र जतिसुकै रकमको दरभाउपत्र पेश गर्ने फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ।

२) दरभाउपत्र १६ (सोहौं) दिन मिति २०७५/५/२९ गते मध्यान्ह १२ बजे भित्र यस कार्यालय दर्ता गर्नु पर्नेछ। दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नु पर्नेछ। दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको ने.बै.लि.स्याङ्जा स्थित ०७२०३००००००००३०००००९ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्र पेश गर्ने अन्तिम दिन मिति २०७५/५/२९ गते अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

५) दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ

६) दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सुचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको ने.बै.लि.स्याङ्जा स्थित ०७२०३००००००००४००१०७७ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७६ श्रावण मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स वण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ। तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमुष्ठ बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन, साथै कवोल अंकमा १० प्रतिशत छुट दिईनेछ। यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन। सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ। बाकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७६ साल कार्तिक मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७६ साल फाल्गुण मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ। धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन। म्यादभित्र कबुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

७) दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लेखित मालवस्तुमा तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । संझौतामा उल्लेख नभएका माल वस्तु र तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ । कर उठाउन पाउने माल वस्तुको विवरण र दररेट दरभाउपत्र फारामसाथ उपलब्ध गराईनेछ । दरभाउपत्रदाताले उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा कर लाग्ने वस्तुहरु र तिनीहरुको दर स्पष्ट देखिने गरि सूचना पाटीमा टाँस्नु पर्नेछ । ठेक्काको रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको सम्पुर्ण दायित्व दरभाउपत्रदाताको नै हुनेछ । उक्त कारोवार गर्दा बालश्रमको प्रयोग गर्न पाईने छैन र मजदुरको हकमा जिल्ला दररेटमा कम नहुनेगरी ज्याला दिनु पर्नेछ ।

८) दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

९) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछर्यौट नगरेसम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन् ।

१०) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाईने छैन । सरकारी वा अन्य कुनै कर, शुल्क दरभाउपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

११) ढुङगा, गिट्टी र वालुवाको परिमाण IEE मा तोके भन्दा बढी उत्खनन् तथा संकलन गर्न पाईने छैन, उक्त उत्खनन् तथा संकलन गर्ने अवधी असोज १ गते देखि जेष्ठ मसान्त सम्म रहनेछ साथै तत सम्बन्धी कार्य गर्दा ४ नं. प्रदेश सरकारबाट जारी भएको ढुङगा गिट्टी वालुवा उत्खनन् संकलन क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी २०७५ बमोजिम गर्नुपर्नेछ ।

१२) सरकारी कार्यालयबाट गरिने निर्माण कार्यहरुका प्रयोग हुने सवारी साधनहरुमा नगरपालिकाबाट लेखिए बमोजिम दरभाउपत्रदाताले छुट दिनुपर्नेछ ।

१३) स्थानिय स्तरमा पर्न सक्ने वातावरणीय प्रभावलाई न्यूनिकरण गर्न पर्यावरणीय दस्तुर वापत स्थानीय विकास शुल्क लगाउन सकिने छ ।

१४) बन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईनेछैन ।

१५) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन र बैंक ग्यारेण्टी फुकुवा गर्न सम्बन्धीत आन्तरीक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ ।

१७) मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ (३) बमोजिम वोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ ।

१८) माथि उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निज दरभाउपत्र धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ ।

१९) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ । साथै नेपाल सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ ।

२०) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**पुतलीबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, स्याङ्जा**

रुद्र बहादुर मल्ल
(प्रमुख प्रशासकिय अधिकृत)